नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६३-४२०२१०
फयाक्स: ०६३-४२०२११
गण्डकी प्रदेश, नेपाल

मिति:२०७८/१०/०४

## स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलबाट जारी आदेश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण मुलुकमा तिव्र रुपमा फैलिरहेको साथै स्याङ्जा जिल्लामा पनि संक्रमणको गति उच्च रहेको सन्दर्भमा सो को प्रभाव रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०९/३० गतेको बैठकको निर्णय समेतका आधारमा गृह मन्त्रालयको च.नं. १४८३, मिति २०७८/१०/०२ गतेको पत्रबाट प्राप्त निर्देशन तथा मिति २०७८/१०/०४ गतेको जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC) स्याङ्जाको सिफारिस तथा जिल्ला सुरक्षा समिति, स्याङ्जाको बैठकको निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम मिति २०७८/१०/०४ गते देखि अर्को आदेश जारी नभएसम्मका लागि स्याङ्जा जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ ।

देहायः

१. देहायका सेवा तथा कार्यहरु मिति २०७८ माघ १५ गतेसम्म सञ्चालन नगर्ने/नगराउने ।
   क. विद्यालय, कलेज, टयूशन सेन्टरहरुबाट भौतिक उपस्थितिमा सञ्चालन हुने तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु,
   ख. पटके हाटवजार, जिम खाना, ब्युटी पार्लर लगायतका मानिसहरु भिडभाड हुने सबै प्रकारका कार्यक्रम,
२. देहायका सेवा तथा कार्यहरु २०७८ माघ मसान्त सम्म सञ्चालन नगर्ने नगराउने :
   क. सबै प्रकारका आमसभा, जुलुस, सभा वा धेरै मानिस भेला हुने क्रियाकलापहरू,
   ख. जिल्लामा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्डहरूको पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रथना बाहेकका क्रियाकलापहरु,
३. जिल्लास्थित सेवाप्रदायक निकायहरुले २०७८ माघ ०७ गते देखी सेवा प्रवाह गर्दा सेवाग्राहीहरुलेअनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको प्रमाण देखाउने (खोप कार्डको मोवाइलमा फोटो भए पनि हुने) व्यवस्था अनिवार्य रुपमा लागू गर्ने साथै सेवा प्रदायक निकायहरुले आफ्नो हाताभित्र भएको खुल्ला स्थानको अधिकतम उपयोग गरी सकेसम्म खुल्ला स्थानबाटसेवा प्रवाहको व्यवस्था मिलाउने ।
४. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।
५. गोष्ठी, सेमिनार, समीक्षा बैठक जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमवाट गर्ने। भौतिक रूपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने। साथै त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा संवत् २०७८ साल माघ ७ गते पश्चात् त्यस्तो कार्यक्रममा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरू मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने ।

०७८/१०/०४
राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)
फोन नं. ०६३-४२०२१०
फ्याक्स: ०६३-४२०२११
गण्डकी प्रदेश, नेपाल

६. सपिङ मल, डिपार्टमेन्टल स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसलहरु एक पटकमा पच्चीस जना भन्दा बढि हुन नहुने, कुनै पनि सामानहरु अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बिचमा कम्तिमा दुई मिटरको दुरी कायम गर्ने, मास्कको अनिवार्य उचित प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजर प्रयोग लगायतका तोकिएका स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी गराइ सञ्चालन गर्ने ।

७. धार्मिक वा सास्कृतिक जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सास्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने गरी तोकिएका जनस्वास्थ्यका मापदण्डहरुको पालना गरी परिवारमा मात्र सीमित भएर सञ्चालन गर्ने गराउने ।

८. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाइमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृत लिई विवाह, व्रतवन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्न दिने ।

९. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रु र कर्मचारीहरुले मास्कको प्रयोग गर्ने गराउने ,

ख. सावरी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ग. सहचालकले अनिवार्य रुपमा मास्क र फेस-सिल्ड लगाउनु पर्ने, सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,

घ. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने,

ङ. स्याङ्जा जिल्लाबाट प्रस्थान विन्दु भई वा स्याङ्जा जिल्ला गन्तव्य स्थान भई सञ्चालन हुने लामो दुरीका सार्वजनिक यातायातहरुले बीचबाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्य देखि अन्तिम गन्तव्य सम्म यातायात सञ्चालन गर्ने र यात्रहरुको विवरण तयार गरी शुरु गन्तव्य र अन्तिम गन्तव्यको ट्राफिक प्रहरी कार्यालय मार्फत जिल्ला कोभिड व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउने,

च. लामो दुरीका सवारी साधनबाट यात्रा गर्नु पूर्व खोप कार्ड वा कोभिड-१९ को नेगेटिभ रिपोर्ट भएको प्रमाण आफ्नो साथमा राख्ने र सो अनुरुप मात्र यात्रा अनुमति दिने,

१०. होटेल तथा रेष्टुरेण्ट देहाय बमोजिमका मापदण्डहरुको पालना गरी सञ्चालन गर्ने :

क. होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

ख होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीहरुलाई अनिवार्य रुपमा मास्कको प्रयोग गर्न लगाउने,

ग. कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

घ. होटेल तथा रेष्टुरेण्टहरुमा प्रत्येक टेवल तथा कोठामा सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ङ. होटेल तथा रेष्टुरेष्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च. खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीहरुलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

०७८/१०/०४
राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६३-४२०२१०
फ्याक्स: ०६३-४२०२११
गण्डकी प्रदेश, नेपाल

११. औषधी लगायतका अत्यावश्यक बस्तु, खाद्यान्नतथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सृजना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारबाही हुनेहुँदा औषधी लगायतका अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति नियमितरुपमा गर्ने, गराउने।

१२. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

१३. सबै प्रकारका व्यवसायहरूको अग्रपङ्क्तिको काउन्टरमा रही काम गर्ने र - ग्राहकहरूलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने।

१४. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिडको चिह्न वा लक्षण १९- देखिएमा अनिवार्य रूपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड १९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने।

१५. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

१६. सबै बैङ्क तथा वित्तीय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्न सहजीकरण गर्ने। सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रूपमा बुझाउन चाहनेलाई सोबमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने।

१७. संस्थाको साधारण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितिलाईसमेत गणपूरक सङ्ख्या मान्ने र सम्बन्धित संस्थाको गणपूरक सङ्ख्या सम्बन्धमा भर्चुअल उपस्थितिलाईसमेत गणपूरक सङ्ख्यामा गणना गर्ने गरी व्यवस्था गर्ने।

१८. जुनसुकै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी कोभिडबाट १९- सङ्क्रमित भएमा अस्पताल बसेकोमा अस्पतालबाट डिस्चार्ज भएको तीन दिनसम्म तथा होम आइसोलेसनमा बसेकोमा सात दिनसम्मको लागि र कन्ट्याक्ट ट्रेसिङमा परेकोमा सम्बन्धित सुपरिवेक्षकको अनुमति लिई कोभिड१९ परीक्षण नगरेसम्म बढीमा पाँच दिनसम्मको लागि निजको संचित वा पाउने बिदाबाट कट्टा नहुने गरी बिदा जनाउने।

१९. व्यावसायिक, पेशागत र सामुदायिक सङ्घ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिडरोकथाम १९-, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने ।

२०. यस आदेशमा उल्लेख भएदेखि बाहेक कोभिडको रोकथाम १९-, पहिचान, निदान र उपचारलाई प्रभावित गर्ने अन्य कुनै क्रियाकलाप नियमन वा नियन्त्रण गर्नु पर्ने भएमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्ने गराउने।

*कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्वन्धमा जारी उपरोक्तानुसारको आदेशको प्रभावकारी पालना सम्वन्धमा नियमित र आकस्मिक अनुगमन हुनेछ । यस आदेशको अवज्ञा भएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा सूचित गरिन्छ ।*

२०७८/१०/०४

राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी